# करारनामा

(निर्माता र संगीतकार)

मितिः

लिखितम् का.जि.का.म.न.पा. वडा नं. ......, ........................., काठमाडौंमा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता भएको....................................................प्रा.लि. (प्रा.लि.नं. ......................................)को तर्फबाट अख्तियार प्राप्त संचालक, जिल्ला .............................. म.न.पा./उप म.न.पा./न.पा./गा.पा. ............................... वडा नं.–........ स्थाई घर भई हाल ..........................................वडा नं. ........., ......................, ........................... बस्ने श्री ............................................ (जसलाई यसपछि यस सम्झौतामा प्रथम पक्ष भनि संवोधन गरिएको छ) र जिल्ला ............................ म.न.पा./उप म.न.पा./न.पा./गा.पा. ......................................... वडा नं ....... स्थाई ठेगाना रहीहाल ................. बस्ने (ना.प्र. नं. .....................................) भएकाश्री .............................. (जसलाई यसपछि यस सम्झौतामा दोस्रो पक्षभनि संवोधन गरिएको छ) बिच तपसिलमा उल्लेखित शर्तहरु पालना गर्न सहमतभई प्रथमप क्षले निर्माण गर्न लागेको .......................................नामक नेपाली कथानक चलचित्रमा **संगीतकार**को रुपमा काम गर्न–गराउन मञ्जुर भएकोले मुलुकी देवानी संहिता २०७४ को करार तथा अन्य व्यवस्थाको अधिनमा रही मुलूकी देवानी कार्यविधि संहिता २०७४ को दफा ..... बमोजिम म.न.पा/उ.म.न.पा/न.पा./गा.पा. वडा नम्बर.......... को कार्यालयको रोहवरमा सही छाप गरि ........................................प्रा. लि.को कार्यालय ......................, काठमाडौंमा बसी यो सम्झौतामा सहीछाप गरी एक/एक प्रति बुझिलियौँ/दियौँ ।

## <u>तपसील</u>

१. यो करारनामामा हस्ताक्षर भएको साठी दिन भित्रमा प्रथम पक्षले उपलव्ध गराएको शव्दमा संगीत भरी दोश्रो पक्षले प्रथम पक्षलाई पूर्ण गीत उपलव्ध गराउने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौँ ।

२. प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराएको शव्दमा दोस्रो पक्षले संगीत भरे बापत, गायक, गायीकाको पारिश्रमिक, वाद्य वाधकको पारिश्रमिक, अरेन्जरको पारिश्रमिक, मास्टरिङ र स्टुडियोमा लाग्ने दस्तुर सहितको रकम जम्मा रु................... (अक्षरेपी......................................मात्र) प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

३. भुक्तनी प्रकृया सम्वन्धमा, प्रथम पक्ष र दोस्रो पक्षबीच सम्झौताभएको दिन............प्रतिशत र बाँकी...........प्रतिशत दोस्रो पक्षले प्रथम पक्षलाई फाइनल गीत बुझाउँदाका दिन उपलव्ध गराउने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराउने रकममा नेपाल सरकारको नियमानुसार लाग्ने कर कट्टी हुनेछ भन्ने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

५. दोश्रो पक्षले प्रथम पक्षसँग उचित पारिश्रमिक लिई प्रथम पक्षलाई उपलव्ध गराएको फाइनल गीत/संगीतको कपीराइट प्रथम पक्षसँग रहनेछ । साथै कुनैपनि डिजिटल माध्यम, अनलाईन, टिभी, रेडियो लगायत भविष्यमा आउने कुनै पनि माध्यमबाट गीत प्रसारण, प्रदर्शन गरे बापत हुने आम्दानीमा दोश्रो पक्षले कुनै हकदावी गर्न पाउने छैन भन्ने कुरामा कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

६. दोस्रो पक्षले रचना गरेर प्रथम पक्षलाई उपलव्ध गराएको गीत कहीँ कतैबाट चोरी गरेको पाइएमा त्यसको जिम्वेवार दोस्रो पक्ष एक्लै हुनेछ भन्ने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौँ ।
७. यो सम्झौतामा लेखिएको यसै सम्झौताअनुसार र यसमा नभएको कुरामा नेपाल सरकारको प्रचलित ऐन कानुन अनुसार हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

८. यस सम्झौता पत्रमा उल्लिखित शर्तको परिणाम जानीबुझी लेखि लेखाइ एक एक प्रति लियौं दियौं ।

९. माथि लेखिए बमोजिमको शर्त बन्देजहरुको परीपालना गर्नमा हामी दुवै थरिबाट मञ्जुर गरेका छौं । मुकाम म.न.पा./उप म.न.पा./न.पा./गा.पा. वडा नम्बर ......, ......................हो ।

| प्रथमपक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः .................................................. | नामः ...................................................... |
| दर्जाः सञ्चालक/निर्माता | दर्जाः संगीतकार |
| कम्पनीको नामः ....................................... | आवद्धताः ................................................ |
| सम्पर्क नम्बरः ......................................... | सम्पर्क नम्बरः .......................................... |
| इमेल ठेगानाः .......................................... | इमेल ठेगानाः ........................................... |
| दा. हस्ताक्षर बा. | दा. हस्ताक्षर बा. |

<u>साक्षीहरु</u>

(क) ........................................

(ख) .........................................

(ग) मस्यौदाकर्ताः अधिवक्ता– .................................................
प्रमाणपत्र नम्बरः ...................................

इति सम्वत् २०......... साल ................ महिना .... गते ..... रोज शुभम्